# गण्डकी प्रदेशको सिंचाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८

**प्रस्तावना**ः गण्डकी प्रदेशमा जलस्रोतको दिगो उपयोगबाट सिंचाइ योग्य जमिनमा वर्षैभरि भरपर्दो, पहुँचयोग्य र जनसहभागितामूलक सिंचाइ सुविधाको विकास र विस्तार गर्दै कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न एवम् सिंचाइ प्रणालीको निर्माण, मर्मत-सम्भार, सञ्चालन र व्यवस्थापन गर्न तथा जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश सिंचाइ ऐन २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ७ र ८ बमोजिम दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले निश्चित अवधिभित्र निर्माण सम्पन्न भई सञ्चालन र व्यवस्थापन गर्न तय गरिएका कुनै सिंचाइ आयोजना वा योजना सम्झनु पर्छ र सो शब्दले सिंचाइ सम्बन्धी कार्यक्रम समेतलाई जनाउँछ।

(ग) "उपभोक्ता" भन्नाले सिंचाइ आयोजनाबाट प्रत्यक्ष रूपमा कृषिजन्य लाभ प्राप्त गर्ने जग्गाधनी, मोही वा त्यस्तो जग्गाधनी र मोहीको परिवारको कुनै सदस्य वा सम्बन्धित कृषक वा कृषकको परिवारको कुनै सदस्य सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका सिंचाइ क्षेत्र हेर्ने सम्बन्धित कार्यालय सम्झनु पर्छ र सो शब्दले सिंचाइ, भूमिगत सिंचाइ, जलस्रोत, तटबन्ध, नदी व्यवस्थापन, जलउत्पन्न प्रकोप व्यवस्थापन वा सोही प्रकृतिको काम गर्न स्थापित विषयगत कार्यालयलाई जनाउँछ।

(ङ) "कृषक कुलो" वा "कृषक व्यवस्थित सिंचाइ प्रणाली (फामर्स म्यानेज्ड इरिगेसन सिस्टम)" भन्नाले परम्परादेखि कृषकबाटै सञ्चालन र व्यवस्थापन हुँदै आएका वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट भएका नयाँ

निर्माण, पुनर्निर्माण वा सुदृढीकरण भएर पुनः उपभोक्तालाई सञ्चालन र व्यवस्थापनका लागि हस्तान्तरण गरिएका सिंचाई कुलो वा प्रणालीलाई सम्झनु पर्छ।

(च) "जल उपभोक्ता संस्था" भन्नाले दफा २४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनु पर्छ र सो शब्दले जल उपाभोक्ता समिति समेतलाई जनाउछ।

(छ) "जल उत्पन्न प्रकोप" भन्नाले बाढी, पहिरो, डुबान, कटान वा हिमताल विष्फोटको कारण उत्पन्न वा सिर्जना हुने संकट सम्झनु पर्छ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "परम्परागत सिंचाइ प्रणाली" भन्नाले किसानबाट निर्मित एवम् सञ्चालित प्रणालीका साथै नदी, खोला तथा पानीका स्रोतमा बाँध बनाई सिंचाइ गर्ने तथा ट्युववेलको माध्यमद्धारा भूमिगत पानी प्रयोग गरी हुने सिंचाइ प्रणाली सम्झनु पर्छ।

(ञ) “पदाधिकारी” भन्नाले जल उपभोक्ता संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवलाई बुझाउँछ।

(ट) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ठ) "बहुउद्देश्यीय उपयोग" भन्नाले सिंचाइको साथ-साथै जलविद्युत, पर्यटन, खानेपानी, मत्स्यपालन, जलविहार लगायतका कुनै एक वा सो भन्दा बढी कार्यमा पानीको उपयोग सम्झनु पर्छ।

(ड) "बहुउद्देश्यीय सिंचाइ आयोजना" भन्नाले सिंचाइ सेवा पुर्याउनको साथै जलविद्युत, पर्यटन, खानेपानी, मत्स्यपालन, जलविहार तथा भूक्षय, बाढी, पहिरो, नदी कटान वा डुबान जस्ता जल उत्पन्न प्रकोपको व्यवस्थापन सम्बन्धी कुनै एक वा सो भन्दा बढी कार्य समावेश रहेको सिंचाइ आयोजना सम्झनु पर्छ।

(ढ) "भूमिगत सिंचाइ" भन्नाले डीप ट्यूबवेल, स्यालो ट्यूबवेल, इनार वा अन्य प्रविधिबाट जमिनमुनिको पानी तानी गरिने सिंचाइ सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले सिंचाइ सम्बन्धी क्षेत्र हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(त) "लिफ्ट सिंचाइ" भन्नाले विद्युत, सौर्य, वायु वा अन्य शक्तिको प्रयोग गरी यान्त्रिक प्रक्रियाबाट सिंचाइ गर्नु पर्ने क्षेत्र भन्दा तलको सतहमा रहेको पानी सिंचित गर्नु पर्ने क्षेत्रमा पुर्याइ गरिने सिंचाइ प्रविधिलाई सम्झनु पर्छ।

(थ) "विशेष सिंचित क्षेत्र" भन्नाले दफा २२ बमोजिम प्रदेश सरकारले घोषणा गरेको विशेष सिंचित क्षेत्र सम्झनु पर्छ।

(द) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ध) "सिंचाइ" भन्नाले प्राकृतिक रूपमा उपलब्ध पानीलाई बोटविरूवा तथा बाली विकासको लागि कृत्रिम तरिकाबाट पानी उपलब्ध गराउने प्रक्रिया सम्झनु पर्छ ।

(न) "सिंचाइ अधिकृत" भन्नाले सम्बन्धित सिंचाइ कार्यालयको प्रमुखको रुपमा प्रदेश सरकार वा मन्त्रालयले खटाएको अधिकृत सम्झनु पर्छ।

(प) "सिंचाइ प्रणाली" भन्नाले सिंचाइ सम्बन्धी संरचना, त्यस्तो संरचना रहेको जग्गा, त्यसमा रहेको सिंचाइ कार्यालय, रुख, बिरुवा तथा सिंचित क्षेत्र समेतको समग्र रुप सम्झनु पर्छ र सो शब्दले सिंचाइ प्रयोजनका लागि प्रयोग भएका यान्त्रिक उपकरण तथा त्यसको सञ्चालन गर्ने पद्धति समेतलाई जनाउँछ।

(फ) "सिंचाइ संरचना" भन्नाले सिंचाइ उपलब्ध गराउनको लागि मुहान देखि सिंचित क्षेत्र सम्म निर्माण गरिएको बाध, नहर, कुलो, पाईप, जलाशय, पोखरी, ईनार, एक्वेडक्ट, बेसिन, सुपार प्यासेज, च्याम्बर, डिभिजन बक्स, स्केप, आउटलेट, स्पिङकल सिंचाइ सेट, थोपा सिंचाइ सेट लगायतका भौतिक संरचना र यसले चर्चेको जमिन, त्यसैसँग सम्बन्धित सडक, बाटो वा त्यस्तै अन्य भौतिक संरचना सम्झनु पर्छ र सो शब्दले विद्युतीकरण सम्बन्धी संरचना तथा उपकरण, बहुउद्देश्यीय सिंचाइ आयोजनाका लागि निर्मित अन्य संरचना र सिंचित क्षेत्रबाट पानी निकासका संरचना (ड्रेनेज) लाई समेत जनाउँछ।

(ब) "सिंचाइ सेवा शुल्क" भन्नाले सिंचाइ सेवा उपयोग गरे वापत उपभोक्ताले भुक्तानी गर्नु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्छ र सो शब्दले त्यस्तो शुल्क तोकिएको समयमा भुक्तानी नगरे वापत लाग्ने विलम्ब शुल्क र सिंचाइ सदस्यता शुल्कलाई समेत जनाउँछ।

(भ) "सिंचित क्षेत्र" भन्नाले कुनै खास सिंचाइ प्रणालीबाट सिंचाइ सेवा पुग्ने वा पुगेको क्षेत्र सम्झनु पर्छ।

(म) "जल उत्पन्न प्रकोप प्रभावित उपाभोक्ता समूह" भन्नाले बाढी पहिरो, नदी कटान तथा जल उत्पन्न प्रकोपबाट प्रभावित उक्त क्षेत्रमा बसोबास गर्ने समूह, समुदायलाई सम्झनु पर्दछ र सो शब्दले प्रकोप प्रभावित उपाभोक्ता समूह समेतलाई जनाउछ।

## परिच्छेद-२

## सिंचाइ आयोजनाको क्षेत्राधिकार सम्बन्धी व्यवस्था

३. **सिंचाइ आयोजनाको क्षेत्राधिकार:** (१) प्रदेश सरकारबाट कार्यान्वयन गरिने आयोजना तथा प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई हस्तान्तरण गरेका सिंचाइ प्रणालीहरुको सञ्चालन, व्यवस्थापन, सुदृढीकरण, स्तरउन्नति, विस्तार, मर्मत-सम्भार र पुनर्स्थापना गर्ने क्षेत्राधिकार प्रदेश सरकारको हुनेछ।

(२) स्थानीय तहले आफैले सञ्चालन गर्न नसक्ने भनी प्रदेश सरकार समक्ष अनुरोध भई आएका सिंचाइ आयोजनाहरु समेत प्रदेश सरकारले सञ्चालन गर्न सक्नेछ।

४. **सिंचाइ गुरुयोजना निर्माण गर्न सक्ने:** (१) प्रदेश सरकारले सिंचाइ योग्य क्षेत्रको पहिचान, सम्भाव्यता अध्ययन, स्रोत परिचालन, विकास तथा सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापनका लागि गुरुयोजना तयार गर्न सक्नेछ।

५. **न्यूनतम जलस्तर कायम गर्नुपर्ने:** यस ऐन बमोजिम निर्माण हुने सिंचाई आयोजनामा प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम जलस्तर कायम गर्नुपर्नेछ।

६. **समन्वय गर्न सक्ने:** प्रदेशका प्राथमिकता प्राप्त धेरै लागत लाग्ने प्रकृतिका ठूला योजनाहरु कार्यान्वयन तथा संचालन गर्न मन्त्रालयले संघीय सरकारसँग समन्वय गर्नेछ।

## परिच्छेद-३

## अनुमतिपत्र सम्बन्धी व्यवस्था

७. **अनुमतिपत्र लिनु पर्ने:** (१) कुनै सिंचाइ योजनाको आंशिक वा पूर्ण रुपमा विकास र निर्माण गर्न चाहने नीजि क्षेत्रले मन्त्रालयबाट अनुमतिपत्र लिनु पर्नेछ।

(२) अनुमतिपत्र लिनको लागि निवेदन दिने निकाय, निवेदनको ढाँचा, निवेदन साथ संलग्न गर्नु पर्ने विवरण, अनुमतिपत्र बापत लाग्ने दस्तुर, अनुमतिपत्रको अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था र शर्तहरु तोकिए बमोजिम हुनेछ।

(३) अनुमति पत्रको अवधी पाँच बर्षको हुनेछ र त्यसपछि आवश्यकता एवम् औचित्यताको आधारमा कार्यालयको सिफारिसमा नवीकरण गर्न सकिनेछ।

(४) सरकारी निकायबाट सिंचाइ योजनाको विकास र निर्माण गर्न यस दफा बमोजिम अनुमतिपत्र आवश्यक पर्ने छैन।

८. **<u>अन्य प्रयोजनका लागि पानीको प्रयोग गर्न सकिने:</u>** बिद्यमान सिंचाइ प्रणालीले उपयोग गरिरहेको पानी सिंचित क्षेत्रको सिंचाइ सेवामा प्रतिकूल असर नपर्ने गरी सम्बन्धित जल उपभोक्ता संस्था र स्थानीय तहको सिफारिसमा कार्यालयले अन्य प्रयोजनका लागि अनुमति दिन सक्नेछ।

## परिच्छेद-४

## सिंचाइ योजनाको माग, प्राथमिकता तथा विकास

९. **<u>सिंचाइ योजनाको माग र छनौटः</u>** (१) सिंचाइ योजनाको माग गर्ने उपभोक्ताले मन्त्रालयले तोकेको योजना माग फाराम भरी सम्बन्धित सिंचाइ कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) सिंचाइ योजनाको आवश्यकता अनुसार पहिचान सर्भेक्षण, सम्भाव्यता अध्ययन, विस्तृत सम्भाव्यता अध्ययन वा विस्तृत परियोजना प्रतिवेदनको आधारमा सिंचाइ योजनाको छनोट गर्नु पर्नेछ।

(३) प्रदेश सरकारबाट सिंचाई योजनाको कार्यान्वयन गर्दा सम्भव भएसम्म देहाय बमोजिमको आधारमा कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्नेछः-

(क) नयाँ सिंचित क्षेत्र बिस्तार,

(ख) सिंचाई प्रणालीको मर्मत सम्भार तथा पुनःस्थापना,

(ग) बाह्रै महिना सिंचाई हुने प्रविधियुक्त सिंचाई योजना,

(घ) बाली सघनता सम्बन्धी योजना,

तर सिंचाइको लागि प्रयोग हुने पानीको स्रोत संरक्षण गर्न योगदान पुऱ्याएको समुदायलाई सिंचाइ सुविधा विस्तार गर्नु पर्ने भएमा यस दफाले बाधा पुऱ्याएको मानिनेछैन।

१०. **<u>प्रतिकूल असर पर्ने गरी सिंचाइ योजना कार्यान्वयन गर्न नहुनेः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए तापनि चालु रहेको सिंचाइ प्रणालीलाई प्रतिकूल असर पर्ने गरी सोही जलस्रोतको माथिल्लो तट तटीय (अपस्ट्रिम) मा नयाँ आयोजनाको निर्माण गर्न पाइने छैन।

तर कार्यालयले प्राविधिक अध्ययन पश्चात् तल्लो तटीय (डाउनस्ट्रिम) को प्रणालीलाई असर नपर्ने देखिएमा "व्यापक सार्वजनिक उपयोग"का लागि त्यस्तो स्रोतको माथिल्लो तटमा नयाँ आयोजना छनोट र विकास गर्न यो दफाले प्रतिकूल असर पुर्याएको मानिने छैन ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनका लागि "व्यापक सार्वजनिक उपयोग" भन्नाले देहायको अवस्थामा भएको जलस्रोतको उपयोग सम्झनु पर्छः-

(क) विद्यमान उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई प्रतिकूल असर नपर्ने गरी थप जनसंख्यालाई लाभ हुने सिंचाइ आयोजना भएमा,

(ख) सामाजिक न्यायको दृष्टिकोणले नयाँ आयोजना छनौट गरी कार्यान्वयन गर्नु पर्ने र त्यसरी आयोजना कार्यान्वयन गर्दा विद्यमान सिंचाइ प्रणाली उपर सारभूत रूपमा प्रतिकूल असर नपर्ने भएमा।

११. **<u>सिंचाइ प्रणालीलाई एकीकरण गर्न सकिनेः</u>** (१) सिंचाइ कार्यालयले सिंचाइ प्रणालीको दिगोपन, सिंचाइ सुविधाको सुनिश्चतता, आर्थिक किफायतीपन, सामाजिक न्याय, वातावरणीय सन्तुलन, सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भार जस्ता विविध पक्षबाट लाभ हुने देखिएमा एउटै वा फरक-फरक पानीको स्रोतको तल-माथि, दाँया-बायाँ वा सोही जलाधार क्षेत्र भित्र रहेका सिंचाइ प्रणालीहरुलाई एकीकृत रुपमा वा एकल सिंचाइ प्रणालीको रुपमा विकास तथा सञ्चालन गर्न सक्नेछ।

(२) मन्त्रालयले उपयुक्त स्थान पहिचान गरी जलाधार क्षेत्र (नदी बेसिन) मा आधारित एकीकृत सिंचाइ योजनाको कार्यान्वयन गर्न सक्नेछ।

तर भईरहेको सिंचाई प्रणालीको मर्मत सम्भारमा यो दफाले बाधा पुर्याएको मानिनेछैन|

१२. **<u>क्षेत्र निर्धारण गर्न सक्ने</u>ः** नयाँ निर्माण गरिने सिंचाइ योजनाको क्षेत्र निर्धारण, सो क्षेत्रमा पानीको उपलब्धता तोकिए बमोजिम सुनिश्चितता गर्न सक्नेछ।

१३. **<u>संघीय सरकारसँग अनुरोध गर्न सक्ने</u>ः** प्राकृतिक विपत्तिमा परेका, अन्तर प्रदेशीय उपभोगका योजना तोकिए बमोजिम भन्दा बढी लागतका ठुला तथा बृहत योजनाको हकमा संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

१४. **<u>निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्न सक्नेः</u>** (१) कुनै खास सिंचाइ प्रणाली वा सिंचाइ योजनाको साथ-साथै जलस्रोतको अन्य उपयोग गर्दा व्यवसायिक दृष्टिकोणले संभाव्य देखिएमा मन्त्रालयले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत-सम्भार, सुधार, सञ्चालन वा व्यवस्थापन तथा नविनतम प्रविधिको प्रयोग वा अध्ययन अनुसन्धान कार्यमा निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) सँग सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-५
## सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षण

१५. **कृषक व्यवस्थित सिंचाइ प्रणालीको मर्मत-सम्भार (एफएमआइएस)**: (१) कृषक कुलोको सञ्चालन र सिंचाइ प्रणालीको सरसफाइ, सामान्य चुहावट रोकथाम, यन्त्र उपकरणको सर्भिसिङ्ग जस्ता नियमित रुपमा गर्नु पर्ने मर्मत-सम्भारको दायित्व जल उपभोक्ता संस्थाको हुनेछ।

(२) जल उपभोक्ता संस्थाको स्रोत, साधन र क्षमताले नसकिने किसिमका मर्मत सम्भार, नवीकरण, समय अनुकुल सुधार, विस्तार र स्तरोन्नति तथा प्राकृतिक वा जल उत्पन्न प्रकोपको कारणले पानी सञ्चालन हुन नसकेमा सिंचाइ प्रणालीको पुनर्स्थापना गर्ने कार्य प्रदेश सरकारले गर्नेछ।

(३) उपदफा (२) बमोजिम कार्य लागि आवश्यकता अनुसारका निकायसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

१६. **संयुक्त व्यवस्थापनमा सञ्चालित सिंचाइ प्रणाली (जेएमआइएस) अन्तर्गतका सिंचाइ प्रणालीको सञ्चालन र मर्मत-सम्भार**: (१) कृषकको जनसहभागिता समेत परिचालन गरी कृषकको अपनत्व जगाउन, पानीको न्यायोचित वितरण गर्न, संरचनाहरुको नियमित मर्मत-सम्भार गरी वर्षैभरी पानी सञ्चालन कार्य भरपर्दो बनाउन, कृषि उत्पादन र उत्पादकत्व बढाई कृषकको आयस्तर वृद्धि गर्न संयुक्त व्यवस्थापनका सिंचाइ प्रणाली सञ्चालन गर्न सकिनेछ । यस उपदफा अनुसारको कार्यका लागि आवश्यकता अनुसारका निकायसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सिंचाइ प्रणालीको हेडवर्क्स र मूल नहरको सञ्चालन तथा व्यवस्थापन प्रदेश सरकारले र शाखा, प्रशाखा नहर प्रणालीको सञ्चालन तथा व्यवस्थापन जल उपभोक्ता संस्थाले गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जल उपभोक्ता संस्थाको स्रोत, साधन र क्षमताले नभ्याउने किसिमका शाखा, प्रशाखा नहर प्रणालीको मर्मत सम्भार, समय अनुकुल सुधार, विस्तार र स्तरोन्नति जस्ता कार्य प्रदेश सरकारले गर्न सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व प्रदेश सरकार र उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा सञ्चालित सिंचाइ प्रणाली यसै ऐन बमोजिम संयुक्त व्यवस्थापनमा सञ्चालित सिंचाइ प्रणाली मानिनेछ।

(५) संयुक्त व्यवस्थापनमा सञ्चालित सिंचाइ प्रणालीको कार्यान्वयन प्रक्रिया तोकिए बमोजिम हुनेछ।

१७. **सिंचाइ प्रणाली हस्तान्तरण गर्न सकिनेः** (१) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेश सरकारबाट सञ्चालन हुने भनी नेपाल सरकारबाट तोकिएको वा प्रदेश सरकारबाट निर्माण भएको वा प्रदेश सरकारको क्षेत्राधिकारमा परेको कुनै सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भारको कार्य प्रदेश सरकारले स्थानीय तह वा जल उपभोक्ता संस्था, सिंचाइ सम्बन्धी सहकारी वा संयुक्त रुपमा  हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा मर्मत-सम्भार कार्य हस्तान्तरण गर्दाका बखत तोकिएको शर्त बमोजिम हुनेछ।

(३) जल उपभोक्ता संस्थालाई हस्तान्तरण गरिएको सिंचाइ प्रणालीको चल अचल सम्पत्ति बेचबिखन गर्न वा अन्य कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन।

(४) सिंचाइ प्रणालीको हस्तान्तरण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **भूमिगत सिंचाइ गर्न सकिनेः** सतह सिंचाइको लागि पानी पर्याप्त नहुने देखिएका सिंचाइ प्रणालीमा भूमिगत पानी र सतह पानीको संयोजनात्मक प्रयोगबाट सिंचाइ गर्न सकिनेछ।

१९. **सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन तथा संरक्षणः** (१) सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन र मर्मत-सम्भारको जिम्मेवारी सम्बन्धित जल उपभोक्ता संस्था, स्थानीय तह, निजी क्षेत्रलाइ एकल रुपमा वा स्थानीय तह र निजी क्षेत्र वा स्थानीय तह, निजी क्षेत्र र जल उपभोक्ता संस्थाको संयुक्त रुपमा हुने गरी प्रदेश सरकारले जिम्मा दिन सक्नेछ।

(२) सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन र मर्मत-सम्भारको जिम्मेवारी भएको निकाय वा संस्थाले त्यस्तो प्रणालीको सम्पूर्ण संरचना, त्यसको शाखा, प्रशाखा तथा आउटलेट, संरचनासँग सम्बन्धित भौतिक विवरण वा सम्पत्तिको अद्यावधिक विवरण तयार गरी त्यसको अभिलेख राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिंचाइ प्रणालीको सम्पत्तिको संरक्षण गर्ने दायित्व उपदफा (१) बमोजिम त्यस्तो सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन वा मर्मत-सम्भारको जिम्मेवारी भएको निकाय वा संस्थाको हुनेछ।

(४) सिंचाइ प्रणाली सञ्चालन गर्दा पानीको समुचित (अप्टिमम्) उपयोग हुनेगरि गर्नुपर्नेछ।

२०. **<u>सिंचाइ प्रणालीसँग सम्बन्धित भौतिक संरचना सम्बन्धी व्यवस्थाः</u>** (१) सिंचाइ प्रणालीको संरचना र सोसँग सम्बन्धित जमिन वा अन्य भौतिक संरचना सिंचाइ वा जलस्रोतको बहुउद्देश्यीय उपयोगको प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन।

(२) कुनै सिंचाइ आयोजना अन्तर्गत नीजि जग्गामा निर्माण भएका सिंचाइ संरचनाको स्वामित्व वा भोगचलन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) परम्परागत रुपमा चलि आएका नहर, कूलो, पैनीहरुलाई कुनै पनि किसिमको अवरोध गर्न, अतिक्रमण गर्न र अस्तित्व मेट्न वा मेटाउन पाइने छैन।

(४) सिंचाइ प्रणालीलाई असर वा अतिक्रमण हुने गरी कुनै पनि निर्माण कार्य गर्न वा गराउन पाइने छैन।

(५) सिंचाई प्रणालीको नहर वा जग्गामा जोडेर घर बनाउदा, सिंचाइ नहर वा संरचना तर्फ पर्नेगरी घरको झ्याल, ढोका, बार्दली, टप, खुड्किला आदि राख्दा भवन निर्माण सम्बन्धी प्रचलित मापदण्ड बमोजिमको न्यूनतम सेटब्याक दुरी बराबर आफ्नो जग्गा छाड्नुपर्नेछ।

(६) सिंचाइ प्रणालीसँग सम्बन्धित संरचना र सोसँग सम्बन्धित जग्गा वा भौतिक संरचना प्रचलित कानून बमोजिम अनुमति प्राप्त भएको अवस्थामा बाहेक व्यक्तिगत वा सार्वजनिक प्रयोजनका लागि प्रयोग गरिने छैन।

२१. **<u>स्वीकृति लिनुपर्नेः</u>** कुनै व्यक्ति, समूह वा संस्थाले देहाय बमोजिमका कार्य गर्दा सम्बन्धित सिंचाई अधिकृतबाट स्वीकृति लिनुपर्नेछ।

(क) आयोजना क्षेत्रमा प्रवेश गर्न,

(ख) सिंचाइ प्रणाली वा संरचना माथि कुनै किसिमको सभा, समारोह गर्न,

(ग) आयोजना क्षेत्र भित्र चौपाया हिंडाउन, चराउन, छाडा छोड्न वा घाँसपात काट्न,

(घ) प्रवेश निषेध गरिएको सिंचाइ क्षेत्रभित्र सवारी चलाउन,

(ङ) पम्पिङ सेट वा त्यस्तो अन्य उपकरण प्रयोग गरी गैह्र कृषि प्रयोजनका लागि पानी तान्न,

(च) नयाँ शाखा नहर वा आउटलेट निकाल्न,

(छ) संरचना, गेट, आउटलेट, नहर तथा स्केप चलाउन, बिगार्न, भत्काउन वा स्वरूप परिवर्तन गर्न,

(ज) वातावरणीय अध्ययन गरी सिंचाइ प्रणालीको बाँध, मुहान वा जलस्रोत सम्बन्धी अन्य संरचना को तल माथि दुवैतिर पाँच सय मिटरसम्म र नहर वा कुलोको समानान्तर हुने गरी पचास मिटरसम्म कुनै प्रकारको नदीजन्य पदार्थ उत्खनन गर्न।

## परिच्छेद-६
## विशेष सिंचित क्षेत्र

२२. **विशेष सिंचित क्षेत्र घोषणा गर्न सकिनेः** (१) प्रचलित भू-उपयोग सम्बन्धी कानून बमोजिम निर्धारित कृषि क्षेत्र भित्र पर्ने तोकिएको मापदण्ड पुरा गर्ने वा पुरा हुन सक्ने कुनै सिंचित क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विशेष सिंचित क्षेत्रको रूपमा घोषणा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम घोषित सिंचित क्षेत्रमा सम्भव भएसम्म बाह्रै महिना सिंचाइ सुविधाको व्यवस्थापन गरिनेछ र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको सिंचित क्षेत्रमा तोकिए बमोजिम सघन कृषि विकास कार्यक्रम वा अन्य त्यस्तै कार्यक्रम लागू गरी सञ्चालन गर्न सकिनेछ।

२३. **विशेष सिंचित क्षेत्रमा भौतिक संरचना निर्माणः** दफा २२ बमोजिमको विशेष सिंचित क्षेत्रमा कुनै प्रकारको बस्ती विकास, सामूहिक आवास, व्यापार, व्यवसाय, शैक्षिक वा औद्योगिक संरचना वा भौतिक पूर्वाधार संरचनाको निर्माण गर्न हुदैन।

तर तोकिएको मापदण्ड पुरा गरी प्रदेश सरकारको पूर्व स्वीकृति लिएर निर्माण गर्न यो दफाले कुनै बाधा पुर्याएको मानिने छैन।

परिच्छेद-७

## जल उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

२४. **जल उपभोक्ता समितिको गठन, दर्ता, नवीकरण र खारेजी सम्बन्धी:** (१) सामूहिक हितका लागि कुनै सिंचाइ योजना निर्माण तथा प्रणालीको विकास, मर्मत-सम्भार र संरक्षण गर्न तथा त्यसबाट वितरण हुने पानी उपयोग गर्न चाहने त्यस्तो सिंचाइ प्रणालीसँग सम्बन्धित उपभोक्ताहरूले जल उपभोक्ता समिति गठन गर्न सक्नेछन् र त्यस्तो समितिको गठन, दर्ता, सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) विस्तृत सर्भेक्षण तथा सम्भाव्यता अध्ययन वा कार्यान्वयनका लागि छनौट भएको योजनामा जल उपभोक्ता समिति गठन नभएको भए गठन गर्नु पर्नेछ।

(३) जल उपभोक्ता समितिको गठन संस्थाको बिधान बमोजिम वा कम्तिमा दुई तिहाई उपभोक्ताको उपस्थितिमा सम्भव भएसम्म स्थानीय जनप्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(४) जल उपभोक्ता समितिमा कम्तिमा एक तिहाई महिला सहित सम्भव भएसम्म समावेशी प्रकृतिको हुनुपर्नेछ।

तर कुनै पनि सरकारी पदमा वहाल रहेको कर्मचारी वा शिक्षक, निर्वाचित जनप्रतिनिधि र सिंचाइ सेवा शुल्क नतिरेको व्यक्ति सो समितिका लागि योग्य मानिने छैन।

(५) जल उपभोक्ता समितिको पदावधि बढीमा चार वर्षको हुनेछ र एउटै व्यक्ति एकै पदमा लगातार दुई कार्यकाल भन्दा बढी पदाधिकारी बन्न पाउने छैन।

(६) प्रदेश सरकारको सिंचाइको क्षेत्राधिकार भित्र पर्ने सिंचाइ योजनाको जल उपभोक्ता संस्थाको दर्ता जल उपभोक्ता संस्थाको साधारण सभाको सिफारिसमा एक सय रुपैयाँ शुल्क लिई संम्बन्धित सिंचाइ कार्यालयले गर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिए तापनि जल उपभोक्ता संस्थाको दर्ता संम्बन्धित सिंचाइ कार्यालयमा गर्न सकिनेछ र जल उपभोक्ता संस्था दर्ता सम्बन्धी अभिलेखको ढाँचा तोकिए बमोजिम हुनेछ।

(८) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएको जल उपभोक्ता संस्था वा जल उपभोक्ता समिति यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(९) जल उपभोक्ता संस्थाले आफ्नो संस्थालाई सिंचाइ सहकारी संस्थाको रुपमा दर्ता गर्न चाहेमा त्यस्तो जल उपभोक्ता संस्थालाई आवश्यक प्रक्रिया पुरा गरी प्रचलित कानून बमोजिम सहकारी संस्थाको रुपमा गठन गर्न सम्बन्धित निकाय समक्ष दर्ता गर्न सक्नेछ।

(१०) जल उपभोक्ता संथाले प्रत्येक आर्थिक बर्षको कार्तिक मसान्त भित्र गत बर्षको लेखा परीक्षण (अडिट) प्रतिबेदन सहित तोकिए बमोजिमको शुल्क बुझाई नवीकरण गर्नुपर्नेछ।

(११) उपदफा (१०) बमोजिम नवीकरण नभएका जल उपभोक्ता समितिलाई बार्षिक एक सय रुपैयाँ जरिवाना लिई नवीकरण गर्न सकिनेछ।

(१२) जल उपभोक्ता संस्थाको दर्ता, नवीकरण र खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकारः** (१) जल उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) जग्गाको क्षेत्रफलको आधारमा सम्बन्धित उपभोक्ताबाट रकम संकलन गरी मर्मत-सम्भार कोष स्थापना गर्ने,

(ख) उपभोक्ता मार्फत गरिने निर्माण कार्यको लागत अनुमान (मू.अ.कर बाहेक) तोकिए बमोजिमको रकम जनसहभागिता वापत जुटाउने,

(ग) नयाँ योजनाको निर्माण कार्य सकिय पछि सञ्चालन र व्यवस्थापनको जिम्मा लिने,

(घ) आयोजना वा प्रणालीबाट लाभान्वित हुने उपभोक्ता र जग्गाको तथ्याङ्क अध्यावधिक गरी जल उपभोक्ता संस्थाको सदस्यता दिने,

(ङ) जल उपभोक्ता संस्थाको जिम्मामा रहेको सिंचाइ प्रणालीको सम्पत्तिको अभिलेख अद्यावधिक गरी संरक्षण गर्ने,

(च) जल उपभोक्ता संस्थाको वार्षिक साधारण सभा सम्पन्न गर्ने,

(छ) साधारण सभाबाट सिंचाइ सेवा शुल्क तोक्ने र सम्पूर्ण लाभान्वित उपभोक्ताबाट सिंचाइ सेवा शुल्क संकलन गरी सिंचाइ प्रणालीको सञ्चालन र व्यवस्थापन गर्ने,

(ज) उपभोक्ता संस्थाको संस्थागत विकास गर्ने, गराउने,

(झ) पानीको उपलब्धतालाई विचार गरी सिंचाइ क्षेत्र विस्तार गर्न आवश्यक थप संरचनाको निर्माण गर्ने र थप उपभोक्ताले सिंचाइ सेवा प्राप्त गरेमा ती उपभोक्तालाई जलउपभोक्ता संस्थामा आबद्ध गर्ने,

(ञ) सिंचाइ प्रणालीको सुधार, विस्तारका लागि थप जग्गा आवश्यक परेमा सोको व्यवस्थापन गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (ञ) बमोजिमको जग्गाको व्यवस्थापन उपभोक्ता संस्थाले गर्नु पर्नेछ र त्यस्तो रकमलाई जनसहभागिता वापतको कार्यको रुपमा मुल्यांकन गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नयाँ सिंचाइ आयोजनाको निर्माणमा जमिन पर्ने तर सिंचाइ सुविधा नपाउने ब्यक्तिलाई प्रचलित चलन चल्तीको दर बमोजिम हुन आउने जमिनको मूल्य बराबरको क्षतिपूर्ति रकम उपभोक्ता संस्था आफैले व्यहोर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम उपभोक्ता संस्थाले आफूलाई प्राप्त केही काम, कर्तव्य र अधिकार खास काम र निश्चित समयावधिका लागि सेवा उपभोग गरिरहेका उपभोक्ताहरु मध्येबाट उपसमिति गठन गरी प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद-८

## सिंचाइ सेवा शुल्क सम्बन्धी व्यवस्था

२६. **सिंचाइ सेवा शुल्क बुझाउनु पर्नेः** (१) सिंचाइ सेवा सुविधा प्राप्त गरिरहेका सबै उपभोक्ताहरुले सिंचाइ सेवा शुल्क बुझाउनु पर्नेछ।

(२) सिंचाइ सेवाको उपलब्धताको स्तर र सिंचित क्षेत्रको क्षेत्रफलको आधारमा जल उपभोक्ता संस्थाले जल उपभोक्ता संस्थाको साधारण सभाबाट अनुमोदन गरी सिंचाइ सेवा शुल्कको दर तोक्नु पर्नेछ।

(३) सिंचाइ सेवा शुल्क रकम सम्बन्धित जल उपभोक्ता संस्थाको कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको सेवा शुल्क नबुझाउने उपभोक्तालाई जल उपभोक्ता संस्थाले सिंचाइ सुविधाबाट वञ्चित गराउन सक्नेछ।

(५) अघिल्लो आर्थिक वर्षको सिंचाइ सेवा शुल्क चालु वर्षको माघ मसान्तसम्ममा बुझाइ सक्नु पर्नेछ।

(६) सम्बन्धित सिंचाइ प्रणाली अन्तर्गत अघिल्लो वर्षको सिंचाइ सेवा शुल्कको कुनै वक्यौता रहेमा जल उपभोक्ता संस्थाले वक्यौता रहेको रकम सहितको बक्यौता सुची प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्रमा सम्बन्धित स्थानीय तह वा वडा कार्यालयमा पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिमको बक्यौता रकम असुल उपर भएपछि मात्र सम्बन्धित स्थानीय तहबाट निजले सो जग्गाको मालपोत शुल्क बुझाउने, चार किल्ला प्रमाणित गर्ने, जग्गाको कित्ताकाट गर्ने, रजिष्ट्रेशन पास गर्ने, अंशबन्डा गर्ने, धितो मुल्यांकन गर्ने जस्ता भूमि व्यवस्था सम्बन्धी सेवा सुविधा प्राप्त गर्न सक्नेछ।

(८) उपदफा (६) बमोजिमको व्यवस्था मिलाउनु प्रत्येक स्थानीय तह वा वडा कार्यालयको कर्तव्य हुनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति उत्पन्न भई आंशिक वा पूर्ण रुपमा सिंचाइ सुविधा अवरुद्ध भएमा जल उपभोक्ता संस्थाले जल उपभोक्ता संस्थाको साधारण सभाबाट निर्णय गराई सो अवधिको लागि सिंचाइ सेवा शुल्कमा आंशिक वा पूर्ण रुपमा मिनाहा गर्न सक्नेछ।

## परिच्छेद-९

## जलउत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी व्यवस्था

२७. **जलस्रोतको संरक्षणः** (१) कार्यालयले आफ्नो अधिकार क्षेत्रभित्र पर्ने जलस्रोतका मुहान, नदी, नाला, खोला, ताल, तलैया, कुवा जस्ता प्राकृतिक रुपमा रहेका जलस्रोतको संरक्षण गर्न सक्नेछ।

(२) नदी, खोला, ताल भित्र अनाधिकृत रुपमा उत्खनन् र प्राकृतिक रुपमा भत्काउन बिगार्न स्वीकृति प्राप्त भएको बाहेक अन्य क्रियाकलापमा रोक लगाउन सक्ने छ।

(३) जलस्रोत व्यवस्थापनको लागि स्थलगत आवश्यकता र प्राविधिक मूल्यांकनका आधारमा संरचना निर्माण गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको क्रियाकलाप गर्दा सम्बन्धित नदी, खोला वा जलाशयका दुवै किनाराको प्रकोप व्यवस्थापन सम्बन्धी विश्लेषण गरिएको प्रतिवेदन तयार भएको हुनु पर्नेछ ।

२८. **जलउत्पन्न प्रकोप व्यवस्थापन समितिः** (१) जलउत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समिति (ज.उ.प्र.उ.स.) गठन गरी प्रचलित कानून बमोजिम बचाउ तथा संरक्षणको कार्य गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिमा स्थानीय वासीहरुको प्रतिनिधित्व हुने गरी सम्भव भएसम्म महिला, दलित, उत्पिडित, पिछडिएका वर्ग र जनजातिको उचित प्रतिनिधित्व हुने गरी कम्तिमा पाँच जनाको समिति बनाउन सकिने छ।

(३) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिको दर्ता सम्बन्धमा स्थानीय तहको सिफारिसमा कार्यालयले गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिको समयावधि एक वर्षको हुनेछ।

(५) उपदफा (१) बमोजिम गठन हुने जल उत्पन्न प्रकोपबाट प्रभावित उपभोक्ता समूह वा समितिको काम, कर्तव्य, दर्ता, खारेजी तोकिए बमोजिम हुनेछ ।

२९. **जल उत्पन्न प्रकोप व्यवस्थापन योजनाको छनौट र प्राथमिकताः** जल उत्पन्न प्रकोप व्यवस्थापन योजनाको लिखित माग, दर्ता भएका योजनाको क्षतिग्रस्तता, जोखिमयुक्त, स्रोतको निश्चितता, प्राविधिक रुपमा सम्भाव्य योजना देहायको प्राथमिकताका आधारमा छनौट गरिनेछ,-

(क) दैवी प्रकोपबाट क्षतिग्रस्त क्षेत्रमा आपतकालीन बचाउ तथा संरक्षण,

(ख) जोखिमयुक्त क्षेत्रको तोकिए अनुसारको बर्गीकरण,

(ग) भू-उपयोग नीति अनुसार,

(घ) नदी किनारको जग्गा उकास र विकासमा लाभ र लागतको आधार,

(ङ) कार्यक्रममा परेका तथा स्रोत सुनिश्चित भएका योजना,

(च) जोखिम युक्त जिल्ला सदरमुकाम, टार, बजार, वस्ती, कृषि क्षेत्र, सरकारी वा कुनै संस्था वा व्यक्तिगत सम्पत्ति संरक्षण,

## परिच्छेद-१०

## वातावरणीय संरक्षण तथा नियन्त्रण

३०. **वातावरणीय संरक्षण सम्बन्धी व्यवस्थाः** (१) सिंचाइ प्रणालीको विकास गर्दा प्रचलित वन तथा वातावरण सम्बन्धी कानूनको पूर्ण पालना गर्नु पर्नेछ ।

(२) सिंचाइ प्रणालीको विकास, संरचना निर्माण वा सिंचाइको लागि जलस्रोतको उपयोग गर्दा भूक्षय, बाढी, पहिरो नजाने, प्रदूषण नहुने तथा वातावरणीय अवस्था, पर्यटन, जलविहार, जलचर र नदीस्रोतको पारिस्थितिकीय प्रणाली उपर प्रतिकूल असर नपुग्ने गरी गर्नु पर्नेछ।

(३) सिंचाइ प्रणालीको सञ्चालन गर्दा उपभोक्ता वा सेवाग्राहीलाई आवश्यकता भन्दा बढी हुन जाने सिंचाइ प्रणालीको पानी नदी वा खोलामा छाडी दिनु पर्नेछ र यसरी सिंचाइको लागि पानी प्रयोग गर्दा त्यस्ता नदी वा खोलामा आवश्यक पर्ने न्यूनतम जलस्तर कायम गर्नु पर्नेछ।

३१. **पानीको गुणस्तरः** (१) सिंचाइ आयोजना सञ्चालन गर्दा सिंचाइ सेवामा उपयोग हुने पानीको गुणस्तर तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर नभएको पानीलाई सम्बन्धित सिंचाइ अधिकृतले सिंचाइको प्रयोजनका लागि प्रयोग गर्नबाट रोक लगाउन सक्नेछ।

## परिच्छेद-११

## कसूर, जरिवाना तथा सजाय

३२. **कसूर मानिनेः** (१) देहाय बमोजिमको कुनै कार्य गरेमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ,-

(क) दफा २१ विपरीतको कार्य गरेमा

(ख) सिंचाइ प्रणालीलाई प्रतिकूल असर पर्ने गरी पानीको स्रोतमा अवरोध खडा गरेमा वा पानीको वहावलाई बाधा-अवरोध गरेमा,

(ग) सिंचाइ प्रणाली वा आयोजनामा जडान गरिएको कुनै यन्त्र वा उपकरणको पार्टपूर्जाहरूलाई चलाएमा, सारेमा, विगारेमा वा चोरेमा,

(घ) सिंचाइ संरचनामा अनाधिकृत रूपमा पानीको मात्रा, वहाव वा परिमाण अदलबदल गरेमा, घटाएमा वा बढाएमा,

(ङ) सिंचाइ प्रणालीको पानी चोरी गरेमा,

(च) सिंचाइ प्रणालीको पानी प्रदुषण गरेमा,

(छ) सिंचाइ प्रणालीको स्वामित्वमा रहेको जग्गामा अनाधिकृत रुपमा भौतिक संरचना निर्माण गरेमा,

(ज) सिंचाइ प्रयोजनको लागि राखिएको संकेत वा चिन्ह बिगारेमा वा हटाएमा,

(झ) यस ऐन विपरीत अन्य प्रयोजनको लागि पानीको प्रयोग गरेमा,

(ञ) यस ऐन बमोजिम सरकारी कर्मचारीलाई आफ्नो पदीय कर्तव्य पालना गर्न वाधा अड्चन पुर्याएमा,

(ट) खोलामा आवश्यक पर्ने न्यूनतम जलस्तर कायम नगरेमा,

(ठ) यस ऐन प्रतिकूल हुने गरी अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) बमोजिमका कसूरका सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि सम्बन्धित सिंचाइ कार्यालयले सिंचाइ प्रणाली वा आयोजना क्षेत्रको मुख्य स्थान, सम्बन्धित जल उपभोक्ता संस्थाको कार्यालय र सिंचाइ कार्यालयमा सूचना टाँस तथा प्रचारप्रसार गर्नु पर्नेछ।

३३. **जरिवाना तथा सजाय**ः (१) देहायको कसूर गर्नेलाई सिंचाइ अधिकृतले देहाय बमोजिम सजाय गर्नेछ,-

(क) दफा २१ को खण्ड (छ) र (ज) तथा दफा ३२ को उपदफा (१) को खण्ड (ख), (ग) ,(घ), (छ) र (ज) बमोजिमको कसूर गर्नेलाई हानी नोक्सानी भएको विगो असूल गरी विगो खुलेकोमा विगो बमोजिम र विगो नखुलेकोमा कसूर को मात्रा हेरी एक लाख रूपैंयासम्म जरिवाना,

(ख) दफा ३२ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा हेरी दश हजार रूपैयाँसम्म जरिवाना,

(ग) दफा २१ को खण्ड (क), (ग) र (ङ) तथा दफा ३२ को उपदफा (१) को खण्ड (च) र (ठ) बमोजिमको कसूर गर्नेलाई पहिलो पटक पाँच हजार रूपैयाँसम्मको जरिवाना र दोश्रो पटक देखि पटकै पिच्छे दोब्बर जरिवाना,

(घ) दफा २० को उपदफा (३) बमोजिमको कसूर गर्नेलाई हानी नोक्सानी भएको विगो असूल गरी विगो खुलेकोमा विगो बमोजिम र विगो नखुलेकोमा दश हजार रूपैयाँ सम्मको जरिवाना,

(ङ) दफा ३२ को उपदफा (१) को (ट) बमोजिमको कसूरमा प्रचलित कानून बमोजिम हुनेछ ।

(च) यो ऐन विपरीतका अन्य कसूर गर्नेलाई कसूरको मात्रा र गाम्भिर्यता हेरी पचास हजारसम्म जरिवाना।

(२) उपदफा (१) बमोजिमको जरिवानाका अतिरिक्त कसूरदारबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानीको क्षतिपूर्ति समेत तिर्नु पर्नेछ।

(३) दफा ३२ को उपदफा (१) बमोजिमको कसूर गर्न उक्साउने, दुरुत्साहन गर्ने, मतियार हुने वा त्यस्तो कसूर को उद्योग गर्ने व्यक्तिलाई उपदफा (१) मा लेखिएको सजायको आधा सजाय हुनेछ।

(४) यस दफा बमोजिम सिंचाइ अधिकृतले गरेको जरिवाना नतिर्ने व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरिने छ।

## परिच्छेद-१२

## उजुरी, अनुसन्धान, कारबाही तथा पुनरावेदन

३४. **उजुरी दिन सक्ने:** (१) यस ऐन तथा यस अन्तर्गत बनेको नियमावली विपरीतको कार्य कुनै व्यक्ति, संस्था वा कोही कसैले गरेमा वा गर्न लागेको आशंका भएमा जो कोहीले सिंचाइ अधिकृत समक्ष उजुरी दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएपछि सिंचाइ अधिकृतले अनुगमन, निरीक्षण गरी वा आवश्यकता हेरी मुद्दाको अनुसन्धान गर्न सक्नेछ।

३५. **मुद्दाको अनुसन्धानः** यस ऐन बमोजिम सिंचाइ अधिकृतले कुनै कारवाही गर्दा प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार हुनेछ।

३६. **पुनरावेदनः** दफा ३३ बमोजिम सिंचाइ अधिकृतले दिएको सजायको आदेशमा चित्त नबुझेमा त्यस्तो आदेश वा निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सकिनेछ।

३७. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्याएको मानिने छैन।

## परिच्छेद-१३

## अनुगमन र मूल्यांकन

३८. **मन्त्रालयबाट योजना अनुगमन र मूल्यांकनः** (१) मन्त्रालयले आफ्नो मातहतको कार्यालयले गरेको योजना छनौट, अध्ययन, सर्भेक्षण, विस्तृत डिजाईन, लागत अनुमान, खरिद प्रक्रिया, योजना निर्माण, गुणस्तर नियन्त्रण तथा परीक्षण लगायतका सम्बन्धमा अनुगमन, सुपरिवेक्षण र मुल्यांकन कार्य गर्नेछ।

(२) मन्त्रालयले वर्षभरी गर्ने अनुगमन कार्यको संक्षिप्त प्रतिवेदन बनाई वार्षिक रुपमा समीक्षा तथा विश्लेषण गरी कार्यान्वयनको लागि सम्बन्धित मातहतका कार्यालयमा पठाउनु पर्नेछ।

३९. **नहर परीक्षण (टेस्टरन):** (१) निर्माण कार्य सम्पन्न भएपछि सिंचाइ योजनाको नहर परीक्षण (टेस्टरन) कार्य सम्भव भए सम्म कार्यालय प्रमुख, प्राविधिक कर्मचारी, निर्माण व्यवसायी, जल उपभोक्ता संस्था र अन्य सरोकारवाला निकायको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नहर परिक्षण गर्दा कुनै कमी, कमजोरी वा त्रुटी वा थप सुधारका काम आवश्यक देखिएमा त्यस्तो किसिमको त्रुटि सच्याउने दायित्व खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद-१४

**विविध**

४०. **बैदेशिक सहयोगको व्यवस्थापन:** बैदेशिक सहयोगका योजनामा मन्त्रालयले आयोजनाको पहिचान, छनौट, निर्माण, कार्यान्वयन, मर्मत-सम्भार, सुधार, सञ्चालन वा व्यवस्थापन तथा नबीनतम  प्रविधिको प्रयोग वा अध्ययन अनुसन्धान कार्यमा नेपालसरकारसँग समन्वय गर्न सक्नेछ।

४१. **सिंचाइ सम्बन्धी तथ्यांक व्यवस्थित गर्नुपर्ने:** (१) आफ्नो मातहतमा सञ्चालन तथा सम्पन्न भएका सिंचाइ योजनाको तोकिएको ढाँचामा अद्यावधिक तथ्यांक राख्नु सम्बन्धित कार्यालय र मन्त्रालयको जिम्मेवारी हुनेछ।

(२) उपदफा (१) को अतिरिक्त कार्यालयले प्रदेश सरकार तथा मन्त्रालयबाट सञ्चालन तथा सम्पन्न भएका सिंचाइ योजनाको विवरण, स्तरउन्नति, थप कमाण्ड एरिया विस्तार, नदी तथा पहिरो व्यवस्थापन योजना सम्बन्धी विभिन्न विवरण समेटिएको वार्षिक प्रगति सार्वजनिक गर्नु पर्नेछ।

४२. **सिंचाइ समन्वय समिति:** (१) सिंचाइ र कृषिले समन्वयात्मक रुपमा सञ्चालन गर्नु पर्ने कृषिको व्यवसायिकरण, यान्त्रीकरण, खेतीयोग्य जग्गाको चक्लाबन्दी जस्ता आयोजना वा कार्यक्रमको पहिचान र कार्यान्वयनमा सहजीकरण गर्न देहाय बमोजिमको प्रदेश सिंचाइ समन्वय समिति रहनेछः-

(क) मन्त्री , मन्त्रालय –संयोजक

(ख) सचिव, मन्त्रालय –सदस्य

(ग) प्रतिनिधि, प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, –सदस्य

(घ) सचिव वा निजले तोकेको प्रतिनिधि, प्रदेश सरकारको भूमि व्यवस्था तथा कृषि विषय हेर्ने मन्त्रालय –सदस्य

(ङ) सचिव वा निजले तोकेको सम्बन्धित महाशाखा प्रमुख, प्रदेश सरकार, अर्थ मन्त्रालय –सदस्य

(च) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विज्ञ वा सरोकारवाला आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(४) सिंचाई योजनाको कार्यान्वयनको क्रममा देखा पर्ने समस्या समाधान गर्न एवम् सिंचाइ र कृषिको बीचमा समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको जिल्ला सिंचाइ समन्वय समिति रहनेछ,-

(क) कार्यालय प्रमुख, जलस्रोत तथा सिंचाइ विकास डिभिजन वा सब डिभिजन कार्यालय, –अध्यक्ष

(ख) प्रमुख वा निजले तोकेको प्रतिनिधि, जिल्ला स्थित कृषिसँग सम्बन्धित कार्यालयहरु –सदस्य

(ग) प्रतिनिधि, जिल्ला स्थित खानेपानी कार्यालय –सदस्य

(घ) प्रतिनिधि, जिल्ला भू तथा जलाधार कार्यालय –सदस्य

(ङ) सम्बन्धित स्थानीय तहको प्रतिनिधि –सदस्य

(च) सम्बन्धित जल उपाभोक्ता समिति वा संस्थाको अध्यक्ष –सदस्य

(छ) सम्बन्धित सिंचाइ कार्यालयको इन्जिनियर वा सब इन्जिनियर –सदस्य सचिव

(५) जिल्ला सिंचाइ समन्वय समितिको काम, कर्तब्य देहाय बमोजिम हुनेछ,-

(क) सिंचाइ, साना सिंचाइ (स्थानीय तह र कृषि ज्ञान केन्द्रबाट संचालित) र बिशेष सिंचाइ कार्यक्रमको कार्यान्वयनमा देखा पर्ने समस्या समाधान गर्ने,

(ख) कृषि बिकास, कृषिको व्यवसायिकरण, यान्त्रीकरण, खेतीयोग्य जग्गाको चक्लाबन्दी जस्ता आयोजना वा योजनाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने,

(ग) एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम (आइसीडब्लुएमपी) मा समन्वय र सहजीकरण गर्ने,

(घ) पानीको श्रोत, उपभोक्ता संस्था गठन, योजना छनौट र संचालनमा देखा पर्ने समस्या समाधान तथा सहजीकरण गर्ने,

(ङ) पानीको श्रोत र सिंचाई क्षेत्रका सम्बन्धमा अन्तर जिल्ला समन्वय गर्ने,

(च) सिंचाइ योजनाको कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा सोको समाधान गर्न पहल गर्ने।

(छ) समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवालालाई आमन्त्रण गर्न सक्ने।

(६) उपदफा (१) र (४) बमोजिम समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(७) उपदफा (१) र (४) बमोजिम गठन भएका समितिका पदाधिकारीलाई अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम बैठक भत्ता उपलव्ध गराउनु पर्नेछ ।

४३. **अरुको घर जग्गामा प्रवेश गर्न सक्नेः** (१) सिंचाइ आयोजना वा बहुउद्देश्यीय सिंचाइ आयोजनाको सर्वेक्षण, सिंचाइ प्रणालीको सञ्चालन, व्यवस्थापन, मर्मत-सम्भार वा पानीको उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा प्रदेश सरकारबाट खटाएको कर्मचारीले सम्बन्धित घर वा जग्गाधनीलाई पूर्व सूचना दिई वा सूचना टाँस गरी त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश गरी कुनै कार्य गर्दा त्यस्तो घर वा जग्गाधनीको कुनै पनि सम्पत्तिमा कुनै हानी नोक्सानी हुन गएमा सम्बन्धित कार्यालयले त्यस्तो हानी नोक्सानीको उचित क्षतिपुर्ति दिनु पर्नेछ।

४४. **निर्देशन दिन सक्नेः** (१) सिंचाइको मर्मत-सम्भार, संरक्षण तथा सिंचाइ शुल्क निर्धारण सम्बन्धमा जल उपभोक्ता संस्थालाई कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित जल उपभोक्ता संस्थाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयको निर्देशन पालना नगर्ने उपभोक्ता संस्थालाई निलम्बन गर्ने र संस्था खारेज गर्ने समेतको अधिकार सिंचाइ अधिकृतलाई हुनेछ।

४५. **पुरस्कृत गर्न सक्नेः** प्रत्येक वर्ष सिंचाइ प्रणाली सञ्चालन गर्ने कुनै एक वा एक भन्दा बढी उत्कृष्ट जल उपभोक्ता संस्थालाई जल व्यवस्थापन, संस्थागत विकास र सिंचाइ सेवा शुल्क संकलनका वाली सघनता, कृषि व्यवसायीकरण, उत्पादकत्व समेतको आधारमा छनौट गरी सम्बन्धित सिंचाइ कार्यालयको सिफारिसमा मन्त्रालयले सो संस्थालाई पुरस्कृत गर्न सक्नेछ।

४६. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड र विनियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही प्रदेश सरकारले निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको निर्देशिका, कार्यविधि र मापदण्डको अधिनमा रही सम्बन्धित जल उपभोक्ता संस्थाले आवश्यक विनियम बनाउन सक्नेछ।